स्वीकृती र प्रमाणीकरण मितिः- २०८१।०३।२०

# महिला, शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९-२०८२) कार्यान्वयन सम्बन्धी राप्ती गाउँपालिकाको कार्ययोजना कार्यान्वयन स्थानीय समिति सम्बन्धी कार्यविधि, २०८१

राप्ती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**प्रस्तावना**

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम गर्न र मानव अधिकारप्रतिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्न महिला, शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/०८२) व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले, राप्ती गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी राप्ती गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. **यस कार्यविधिको नाम:** "महिला, शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/०८२) कार्यान्वयन सम्बन्धि राप्ती गाउँपालिकाको कार्ययोजना कार्यान्वयन स्थानीय समिति सम्बन्धी कार्यविधि, २०८०", रहेको छ ।

ख. **प्रारम्भः** यो कार्यविधि स्विकृत तथा अनुमोदन पश्चात तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क. "राप्ती गाउँपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समिति" भन्नाले द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको आवश्यकता सम्बोधन गर्दै उनीहरुको सरोकारको विषयमा अर्थपूर्ण सहभागिता एवं आत्मसम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्न गठित स्थानीय समितिलाई बुझाउँछ ।

ख. "प्रस्ताव नं १३२५ र १८२०" भन्नाले संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट पारित महिला, शान्ति र सुरक्षा सम्बन्धि प्रस्तावलाई बुझाउँछ ।

ग. "राप्ती गाउँपालिका समन्वय सचिवालय" भन्नाले यस गाउँपालिकाको महिला बालबालिका तथा समाज कल्याण शाखालाई बुझाउँछ ।

घ. "समन्वय" भन्नाले संघ, प्रदेश र स्थानीय तहबीच गरिने समन्वयलाई बुझाउँछ ।

ङ. "बजेट" भन्नाले स्थानीय सरकारद्वारा विनियोजित द्वन्द्वबाट पीडित तथा प्रभावित महिला तथा बालिकाको आवश्यकता सम्बोधन गर्दै उनीहरुको सरोकारको विषयमा अर्थपूर्ण सहभागिता एवं आत्मसम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्न व्यवस्था गरिएको कोषलाई बुझाउँछ ।

च. "अपाङ्गतामैत्री" भन्नाले द्वन्द्वका कारण अपाङ्गता भएका महिला तथा बालिकाले सरकारी तथा गैरसरकारी निकायहरुबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधा र सूचनामा सहज पहुँच हुनेगरी तयार गरिएको उपयुक्त वातावरण तथा संरचनालाई बुझाउँछ ।

छ. "आश्रय गृह" भन्नाले द्वन्द्वका कारण मानसिक अवस्था ठिक नभएको अशक्त वा अपाङ्गता भएको र आफ्नो बासस्थान गुमाई पुनःस्थापना हुन नसक्ने महिला वा बालिकालाई राख्न व्यवस्था गरिएको आवास गृहलाई बुझाउँछ ।

ज. "एकल महिला" भन्नाले द्वन्द्वको क्रममा यौन हिंसा वा बलात्कारमा परी पारिवारिक वा सामाजिक रुपमा बहिष्कृत भई एक्लो जीवन विताउन बाध्य भएका महिला वा द्वन्द्वको क्रममा पति मारिएका वा पति बेपत्ता पारिएका वा द्वन्द्वका कारण एकल अवस्थामा रहेका महिलालाई बुझाउँछ ।

झ. "परिपूरण" भन्नाले सशस्त्र द्वन्द्वबाट प्रभावित महिला वा बालिकालाई उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियतलाई बुझाउँछ ।

ञ. "द्वन्द्वसँग सम्बन्धित यौनजन्य हिंसा" भन्नाले द्वन्द्वको समयमा जबर्जस्ती गरिने कुनैपनि किसिमको करणी, यौनक्रिया गर्ने प्रयास, जबर्जस्ती गर्भधारण तथा गर्भपतन, निर्वस्त्र पार्ने कार्य, बेचबिखन तथा वेचविखनजन्य

उद्योग, जबर्जस्ती विवाह तथा कुनैपनि व्यक्तिको यौनिकताको विरुद्ध गरिने कार्य, अश्लिल शब्दको प्रयोग वा यौनजन्य दुर्व्यवहार र महिला तथा बालिकामाथि गरिने सबै प्रकारका यौनजन्य हिंसालाई बुझाउँछ।

ट. "महिला हिंसा" भन्नाले महिला तथा बालिकामाथि हुने देहायका हिंसाः

१. धाक, धम्की दिई लोभ लालचमा पारी वा फकाई फुल्याई बाध्य पारी वा हिंँडडुलमा बन्देज लगाई जबर्जस्ती सशस्त्र कार्यमा लगाउने वा त्यस्तो समूहको मनोरञ्जन कार्यमा लगाउने वा अन्य ईच्छा विपरीतका कार्यमा लगाउने कार्य,

२. शारीरिक, मानसिक वा यौनजन्य हिंसा,

ठ. "महिला तथा बालिकाको विशेष आवश्यकता" भन्नाले महिनावारी, गर्भधारण, सुत्केरी जस्ता विशेष जैविक तथा प्रजनन् भूमिकाको अवस्था र सो अवस्थालाई सम्बोधन गर्ने खानपान, स्याहार, सुसार उचित खाने बस्ने ठाउँ, शौचालय तथा औषधी उपचारको व्यवस्था वा महिलाको आर्थिक, सामाजिक तथा विशेष आवश्यकतालाई बुझाउँछ।

**३. द्वन्द्व पीडित तथा प्रभावित महिला वा बालिकाः**

"द्वन्द्व पीडित तथा प्रभावित महिला वा बालिका" भन्नाले सशस्त्र द्वन्द्वका कारण देहायका अवस्थाबाट पीडित महिला तथा बालिकाहरुलाई जनाउँछ।

क. आफू अध्ययनरत विद्यालय कब्जा भएको वा डर वा त्रासको स्थिति सिर्जना भएको वा शिक्षकहरु विस्थापित भएको वा अन्य कारणले गर्दा अध्ययन गर्न नपाएका महिला वा बालिका,

ख. आफ्नो थातथलोबाट विस्थापित महिला वा बालिका र बेचबिखनमा परेका महिला वा बालिका,

ग. पति वा अभिभावक वा परिवारका कुनै सदस्यको मृत्यु भएका महिला वा बालिका,

घ. पति वा अभिभावक वा परिवारबाट बिछोड भएका महिला वा बालिका,

ङ. बारुदी सुरुङ वा विस्फोटक पदार्थ वा हतियारको प्रयोग वा अन्य कुनै कारणले आफ्नो पति वा अभिभावक वा आफू स्वयं घाईते, अङ्गभङ्ग वा अपाङ्गगता भएका महिला वा बालिका, मानसिक रुपमा पीडित महिला वा बालिका,

च. यौन शोषणमा परेका वा जबरजस्ती करणीको घटनाबाट गर्भधारण गर्न, बच्चा जन्माउन वा जबरजस्ती गर्भपतन गराउन बाध्य भएका महिला वा बालिका वा यसैका कारण जन्मिएका बालिका,

छ. प्रचलित कानून बमोजिम राज्यद्धारा स्थापित सशस्त्र सुरक्षा फौज र अन्य सशस्त्र समूह वा सोसँग आवद्ध वा त्यस्तो फौज वा समूहलाई सहयोग गरेको आशङ्कामा कारबाहीमा परेका महिला वा बालिका,

ज. हाल सुरक्षा गृह वा बाल सुधार गृह वा बालगृहमा रहेका वा निश्चित समयसम्म त्यस्ता गृहमा समय व्यतित गरी हाल बाहिर रहेका महिला वा बालिका,

झ. हिरासतमा परेका वा कैदको सजाय भोगेका वा यातना पाएका वा अपहरणमा परेका महिला वा बालिका,

**ञ.** संघीय सरकार वा प्रदेश सरकार वा स्थानीय तहले द्वन्द्व पीडितको प्रमाण स्वरुप परिचयपत्र उपलब्ध गराएका महिला वा बालिका,

**ट.**

**४. राप्ती गाउँपालिकाको कार्ययोजना कार्यान्वयन स्थानीय समितिको गठनः**

(१) राप्ती गाउँपालिकाको कार्ययोजना कार्यान्वयन स्थानीय समितिको गठन देहाय बमोजिम हुनेछ:

क. संयोजकः अध्यक्ष, राप्ती गाउँपालिका

ख. सदस्यः उपाध्यक्ष, राप्ती गाउँपालिका

ग. सदस्यः कार्यपालिका सदस्यहरुमध्येबाट एकजना महिलासहित समितिले तोकेको २ जना सदस्य

घ. सदस्यः प्रमुख प्रशासकीय अधिकृत, राप्ती गाउँपालिका

ङ. सदस्यः गाउँपालिकाभित्र रहेको सुरक्षा निकायको कार्यालय प्रमुख

च. सदस्यः सरकार र तत्कालिन विद्रोही पक्षबाट द्वन्द्व पीडित भएकाहरुमध्ये दुवै तर्फका १/१ जना महिला सदस्य

छ. सदस्य सचिबः महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

(२) राप्ती गाउँपालिकाको कार्ययोजना कार्यान्वयन स्थानीय समितिको बैठकमा आवश्यकता अनुसार प्रस्तुत विषयसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधि, विकास साझेदार संस्थाका प्रतिनिधि, यस क्षेत्रमा कार्यरत गैरसरकारी संघ सस्थाका प्रतिनिधिलाई पनि आमन्त्रित गर्न सकिने छ।

**५. कार्ययोजना कार्यान्वयन स्थानीय समितिका पदाधिकारी तथा सदस्यको कार्यकालः**

(१) स्थानीय समितिका पदाधिकारी तथा सदस्यको कार्यकाल पदेन सदस्य बाहेक अन्य सदस्यको बढीमा दुई वर्षको हुनेछ।

**६. राप्ती गाउँपालिकाको कार्ययोजना कार्यान्वयन स्थानीय समितिको काम, कर्तव्य र अधिकारः**

(१) राप्ती गाउँपालिकाको कार्ययोजना कार्यान्वयन स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क. स्थानीय तहमा कार्ययोजना कार्यान्वयन गर्ने।

ख. गाउँपालिकाभित्र कार्ययोजना कार्यान्वयनका लागि विभिन्न निकायसँग समन्वय गर्ने।

ग. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने।

घ. कार्ययोजनालाई गाउँपालिका तहमा सञ्चालित वडागत योजना तथा कार्यक्रममा समावेश गर्न पहल गर्ने।

ङ. कार्ययोजना कार्यान्वयन सम्बन्धमा पालिका र वडा तहमा कार्यशाला तथा छलफल र अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने,

च. राष्ट्रिय निर्देशक समिति, प्रदेश निर्देशक समिति, र कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने तथा निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

छ. पालिकाभित्र सञ्चालित कार्ययोजनासँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने,

ज. कार्ययोजना कार्यान्वयनका सम्बन्धमा समिक्षा गरी अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने र कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिमा उपलब्ध गराउने।

झ. गाउँपालिकाका सम्पूर्ण वडाहरुमा बेग्लाबेग्लै समिति गठन गर्ने, प्रतिवेदन लिने र अनुगमन लगायतका कामहरु गर्ने जिम्मेवारी स्थानीय समितिको हुनेछ।

**७. कार्ययोजना कार्यान्वयन स्थानीय उपसमितिको गठनः**

(१) स्थानीय तहमा कार्ययोजना कार्यान्वयनका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिला तथा बालिकाको समष्टिगत आवश्यकता पहिचानका लागि देहाय बमोजिमको कार्ययोजना कार्यान्वयन गर्न स्थानीय उपसमिति गठन गरिनेछ।

क. संयोजकः उपाध्यक्ष

ख. सदस्यः कार्यपालिका सदस्य (महिला)

ग. सदस्यः सरकार र तत्कालिन विद्रोही पक्षबाट द्वन्द्व पीडित भएकाहरुमध्ये दुवै तर्फका १/१ जना महिला सदस्य

घ. सदस्यः मनोसामाजिक परामर्शदाता १ जना

ङ. सदस्य सचिवः महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

**(२) कार्ययोजना कार्यान्वयन स्थानीय उपसमितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।**

क. गाउँपालिकाभित्र रहेका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको पहिचान गर्ने।

ख. पहिचान गरिएका द्वन्द्वकालिन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको संकेत वर्गीकरण (coding) विधि प्रयोग गरी खण्डिकृत तथ्याङ्क सहितको लगत विवरण तयार गर्ने।

ग. गोपनीय र सुरक्षा लगायतको पक्ष सुनिश्चित हुनेगरी लगत विवरण अनुसारको सूचनालाई हिंसाको प्रकृतिको आधारमा तथ्याङ्क तयार गर्ने।

घ. द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाको तत्कालिन र दीर्घकालिन आवश्यकता पहिचान गर्ने।

ङ. बुँदा नं ×ख" बमोजिम सूचीकृत भएका महिलाको पूर्व स्वीकृती र सहमतीमा बुँदामा नं ×घ" बमोजिम माग भएका आवश्यकता अभिलेखिकरण गर्ने।

च. पहिचान गरिएका अत्यावश्यकीय स्वास्थ्य सम्बन्धी समस्याको तत्काल उपचारका लागि सम्बन्धित स्वास्थ्य संस्था वा निकायमा सिफारिस (Referral) गर्ने।

छ. माग भएका आवश्यकतालाई तत्कालिन तथा दीर्घकालिन आवश्यकताका आधारमा वर्गीकरण गर्ने।

ज. तत्कालिन तथा दीर्घकालिन आधारमा वर्गीकरण गरिएका आवश्यकता बमोजिमको योजना तथा कार्यक्रम तयार पार्ने। सो का लागि आवश्यकता अनुसार विषय विज्ञको सहयोग लिन सकिने।

झ. योजना तथा कार्यक्रमको कार्ययोजनामा उल्लिखित कार्यक्रम स्थानीय तहको वार्षिक योजनामा समावेश गरी पीडित महिला तथा बालिकाहरुको ज्ञान, सीप र अनुभवलाई व्यवहारमा प्रयोग गर्ने गरी आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक सशक्तिकरणका लक्षित कार्यक्रम संचालन गर्न सिफारिस गर्ने।

**८. कार्ययोजना कार्यान्वयन वडा समितिको गठनः**

(१) माथि उल्लेखित कार्ययोजना कार्यान्वयन गर्न, स्थानीय समिति एवंम उपसमितिको काम कारवाहीमा सहयोग पुऱ्याउन र आवश्यकताका आधारमा अन्य काम गर्न देहायको वडा समिति रहनेछ।

क. संयोजकः सम्बन्धित वडाको अध्यक्ष

ख. सदस्यः सम्बन्धित वडाका निर्वाचित सदस्यहरु

ग. सदस्यः सरकार र तत्कालिन विद्रोही पक्षबाट द्वन्द्व पीडित भएकाहरुमध्ये दुवै तर्फका सम्बन्धित वडाका १/१ जना महिला सदस्य

घ. सदस्य सचिवः सम्बन्धित वडा सचिव

(२) वडा समितिले आफुले गरेका काम कारवाहीको नियमित प्रतिवेदन स्थानीय सचिवालयमा गर्नु पर्नेछ।

**९. स्थानीय सचिवालयः**

(१) **गाउँपालिकाको** महिला, बालबालिका तथा समाज कल्याण शाखाले यस कार्ययोजना कार्यान्वयनका लागि स्थानीय सचिवालयको रुपमा कामकाज गर्नेछ।

(२) गाउँपालिकामा सम्पर्क व्यक्ति (Focal Person) को कामकाज गर्ने जिम्मेवारी महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुखको रहनेछ।

**१०.स्थानीय सचिवालयको काम, कर्तव्य र अधिकारः**

**क.** कार्ययोजना कार्यान्वयन स्थानीय समिति, उपसमिति र वडा समितिको कामकाजमा सघाउने,

**ख.** आवश्यकतानुसार स्थानीय तहका वडाबीच समन्वय गर्ने, गराउने,

**ग.** स्थानीय समितिको बैठक व्यवस्थापन गर्ने,

**घ.** अर्ध बार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने,

**ङ.** नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

**च.** संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदद्धारा पारित प्रस्ताव नं १३२५ र १८२० कार्ययोजनासंग सम्बन्धित विषयमा आवधिक रुपमा जर्नल, बुलेटिन, पर्चा, पम्पलेट लगायतका सूचना सामग्री प्रकाशन गर्ने,

**छ.** आवश्यक सूचना आदानप्रदान गर्ने,

**११. बजेट व्यवस्थाः**

कार्ययोजना कार्यान्वयनका लागि स्रोत पहिचान, बजेट तयारी र परिचालन सम्बन्धी कार्यव्यवस्था स्थानीय समितिले मिलाउनेछ।

**१२. कार्ययोजना कार्यान्वयन जोखिम न्यूनीकरण गर्नेः**

तहगत समन्वय र सहकार्य, स्रोतको सुनिश्चितता, मनोपरामर्शदाता, चिकित्सक, अनुगमनकर्ता, लगायतका जनशक्तिको व्यवस्था, लक्षित वर्गको पहुँच, राहत र पुर्नस्थापना कार्यक्रम र द्वन्द्वका कारण यौन हिंसामा परेका महिला तथा बालिकाको गोपनीयता कायम राख्ने जस्ता काम सरोकारवाला सबैले गर्नुपर्नेछ।

**१३. खारेजी र बचाउ**

यस कार्यविधि बमोजिम भएका काम कारवाहीहरु महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/०८२) बमोजिम नै भएको मानिनेछ।

आज्ञाले,<br>
नेब बहादुर वली<br>
प्रमुख प्रशुसकीय अधिकृत